“स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ”

# आर्थिक वर्ष २०८२/०८३

# को

# बजेट वक्तव्य

## बुढानीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## हात्तीगौंडा, काठमाडौ

## बागमती प्रदेश, नेपाल

## २०८२

**गरिमामय नगर सभाको १६ औं अधिवेशनका सभाध्यक्षज्यू,**

**नगर सभाका सदस्यज्यूहरु,**

**नगर सभाका सचिवज्यू तथा उपस्थित सम्पूर्ण महानुभावहरू एवम्**

**कर्मचारी मित्रहरुमा**

**हार्दिक अभिवादन !**

१. यस गरिमामय नगरसभाको १६ औं अधिवेशनको तेश्रो वैठकमा बुढानीलकण्ठ नगरपालिकाको नगर उपप्रमुख तथा सभाको उपाध्यक्ष एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्न उपस्थित भएकी छु ।

२. निरंकुश राणा शासनको अन्त्य, २०४६ सालको संयुक्त जनआन्दोलन, २०६२/०६३ को संयुक्त जनक्रान्ति लगायत गणतन्त्र स्थापनार्थ भएका विभिन्न आन्दोलनहरुमा बलिदानी हुनुभएका सम्पूर्ण ज्ञात अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । लोकतन्त्र, सङ्घीय गणतन्त्र स्थापना तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान दिनुभएका सबै नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. आज हामी स्थानीय सरकारको रुपमा बुढानीलकण्ठ नगरपालिका सञ्चालनको दोस्रो कार्यकालको चौथो वर्षमा प्रवेश गरेका छौँ । सुशासनको प्रत्याभूति सहित आन्तरिक आय र उपलब्धी हासिलको चुनौती तथा नागरिकको महत्वकांक्षी आशा एवम् कार्यान्वयनको विविध जटीलताहरुका बिचमा रहेर कार्य गर्नुपर्दा आर्थिक स्रोतको व्यवस्थापनले मात्रै पनि सफल स्थान बनाउन नसक्ने हुनेरहेछ । वस्तुनिष्ठ सर्वेक्षण, तथ्यांङ्क, अध्ययन, ज्ञान तथा स्रोतहरुको पहिचान, संकलन र व्यवस्थापन सहितको सशक्त योजना निर्माण गदै नागरिकलाई विकाससँग, बजेटलाई कार्यान्वयनसँग लक्षित गर्दै लैजान सक्नुपर्दछ । त्यसैले बजेट तर्जुमाको चरणदेखि कार्यान्वयनको पक्षसम्म सुदृढताका साथ लाग्न सक्यौं भने समग्र विकासको लक्ष्य हासिल गर्न समय लाग्ने छैन भन्नेमा विश्वस्त छु ।

४. नगरको आन्तरिक आयको बढोत्तरीमा देखिएको दवाव र चुनौतीलाई सम्बोधन गदै नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक, कानूनी लगायत जनजीविकाका सवालहरुलाई संरक्षण, प्रवर्द्धन र रुपान्तरण गर्नेतर्फ आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छु । आम नगरवासीको विकास र सम्वृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा आर्थिक, सामाजिक विकासमा पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई लाभको पहुँचमा पुर्‍याउन बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

५. आगामी बजेट गुणस्तरीय स्वास्थ्य र शिक्षा, उद्यमशीलता, पर्यटनको प्रर्वद्धन लगायत सामाजिक, आर्थिक विकासतर्फ लक्षित हुनेछ । साथै, नागरिकका माग र आवश्यकता अनुरुप दिगो एंव गुणस्तरीय पूर्वाधारहरुको विकास र सम्भार गर्ने, स्वच्छ पिउनेपानी, सुरक्षित सडक, स्वच्छ वातावरण, कृषि तथा पशुपंक्षी र त्यसको भण्डारण तथा समुचित बजारको व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण एंव जगेर्ना, स्थानीय श्रोत साधनको प्रभावकारी एवम् परिणाममुखी परिचालन, विभेद तथा हिंसामुक्त समाजको निर्माण, सेवा प्रवाहमा सुशासनको सुनिश्चितता गदै नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको प्रत्याभूति तथा विकासमा समावेशीकरण र मूल प्रवाहीकरण कायम गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

६. आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानून, नगर सभाबाट २०८२ आषाढ १ गते  पारित आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति, कार्यक्रम तथा बजेट, १६ औं आवधिक योजना, बागमती प्रदेशको दोश्रो आवधिक योजना, दीर्घकालिन लक्ष्य, नगरपालिकाको दीर्घकालिन सोच एवमं आवधिक योजना, मध्यमकालिन खर्च संरचना (MTEF) र राजस्व सुधार कार्ययोजना र नगरबाट भएका अन्य अध्ययन अनुसन्धानबाट प्राप्त प्रतिवेदन समेतलाई आधार मानी तयार गरिएको छ । बजेट तर्जुमाका सिलसिलामा राजस्व परामर्श समिति, अन्य विषयगत समितिहरु, विभिन्न संघसंस्था, विद्धतवर्ग, नागरिक समुदाय लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छु ।

७. मैले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नगरवासीको अपेक्षालाई सम्बोधन गर्ने र सेवा प्रवाहलाई सहज, सरल, सूचना प्रविधिमा आधारित तथा सेवाग्राहीमैत्री बनाई नागरिकमा आशा र भरोसाको संञ्चार गर्ने जिम्मेवारी वोध गरेको छु । संघ तथा प्रदेश सरकार, जनप्रतिनिधि, राजनीतिक दल, नीजी क्षेत्र, संघ संस्था, नागरिक समाज, विकास साझेदार, संञ्चार जगत र आम नगरवासीको सहयोग, समन्वय, सहकार्य र एक्यवद्धताबाट नगरमा देखिएका विद्यमान चूनौतीको सामना गर्दै बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

**आदरणीय सभाध्यक्षज्यू ,**

अब म यस गरीमामय सभा समक्ष चालु आर्थिक वर्ष २०८१/०८२ को आम्दानी तथा खर्चको समग्र अवस्था सम्बन्धमा संक्षेपमा समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु:

**८.** आर्थिक वर्ष २०८१/०८२ मा आन्तरिक श्रोतबाट रु. ४१ करोड, बाह्य श्रोतबाट रु. १ अर्ब ४९ करोड १४ लाख ५४ हजार ८ सय ३७ रुपयाँ र बैङ्क अल्या रु. १ अर्व ३४ करोड ८५ लाख ४५ हजार १ सय २७ रुपैयाँ गरी कूल आम्दानी रु. ३ अर्ब २५ करोड हुने अनुमान गरिएकोमा सम्वत् २०८२ जेठ मसान्तसम्ममा आन्तरिक श्रोतबाट रु. ३८ करोड ८५ लाख २४ हजार ८ सय ४८ रुपैया १५ पैसा अर्थात ९४.७६ प्रतिशत आम्दानी भएको छ । बाह्य आम्दानीतर्फ रु. १ अर्व २६ करोड १४ लाख ७२ हजार ५ सय १ रुपैया अर्थात ८४.५८ प्रतिशत आम्दानी भएको छ । सम्वत् २०८२ जेठ मसान्तसम्म आन्तरिक र बाह्य गरी कूल १ अर्व ६४ करोड ९९ लाख ९७ हजार ३ सय ४९ रुपैया १५ पैसा ( ***बैङ्क अल्या बाहेक)*** अर्थात ८६.७७ प्रतिशत आम्दानी भएको छ ।

९. चालु आर्थिक वर्षको लागि बुढानीलकण्ठ नगरपालिकाबाट कूल रु. ३ अर्ब २५ करोड बजेट विनियोजन गरिएकोमा विनियोजित बजेटमध्ये सम्वत् २०८२ जेठ मसान्तसम्ममा चालुतर्फ ( संघ र प्रदेश सरकारको सर्शत चालु समेत) रु. १ अर्व २० करोड ९० लाख ३४ हजार ३ सय ३९ रुपैया गरिएकोमा ५५.५३ प्रतिशत अर्थात रु ६६ करोड ८५ लाख ४६ हजार ९ सय ४८ रुपैया ४२ पैसा खर्च भएको छ । पूँजीगततर्फ रु. २ अर्व १ करोड ४३ लाख ६५ हजार ६ सय ६१ रुपैया विनियोजन गरिएको ३६.२६ प्रतिशत अर्थात रु. ७३ करोड ३ लाख ५२ हजार

९ सय २ रुपैया ६० पैसा खर्च भएको व्यहोरा यस सम्मानित सभाको अधिवेशनलाई जानकारी गराउन चाहन्छु । नगरपालिकाको कुल खर्च असार मसान्तसम्म ६५ प्रतिशत हुने संशोधित अनुमान पेश गरेको छु ।

## आदरणीय सभाध्यक्ष एवम् सदस्यज्यूहरू

अब म नगरको आन्तरिक आय र बजेट प्रणालीमा देखिएका मुख्य चुनौती तथा अवसर सङ्क्षेपमा प्रस्तुत गर्न चाहान्छुः

१०. नगरको मुख्य प्रशासनिक कार्यालय, वडा कार्यालयहरु, नगर अस्पताल, क्षेत्र विकास समिति, सार्वजनिक जग्गा संरक्षण समिति, बुढानीलकण्ठ पर्यटन बोर्ड, बुढानीलकण्ठ खेलकुद बोर्ड लगायतका संस्थागत संरचनामा कार्यरत कर्मचारी र पदाधिकारीहरुको तलव भत्ता लगायतको सेवा सुविधा र प्रशासनिक खर्च एवम् जनताका माग र समस्याको सम्बोधन लगायतको कारण चालु खर्चमा बढ्दो चाप रहेको छ । चालु खर्च बढ्दो अवस्था रहेको कारणले कुल बजेटको ४१.८४ प्रतिशत (सामाजिक तथा आर्थिक विकास क्षेत्र र संघ तथा प्रदेश शसर्त समेत) अर्थात रु. १ अर्व ४४ करोड ३६ लाख रकम विनियोजन गर्नु परेको छ । कुल बजेटको ठुलो हिस्सा चालु खर्चमा छुट्याउन पर्दा पूँजिगत विकास कार्यको लागि श्रोत व्यवस्थापनमा दवाव परेतापनि पूर्वाधार विकासका कार्यहरु सम्पन्न हुने चरणमा रहेकोले आगामी वर्ष सामाजिक तथा आर्थिक विकासमा पालिकाले मुख्य ध्यान दिनुपर्ने चरणमा रहेकोले चालु खर्चमा बढोत्तरी हुदै गएको यथार्थ हामी सबैलाइ सर्वविदितै रहेको छ, यद्यपी चालु खर्चलाई बन्छित सीमा भित्र राख्दै पूँजिगत खर्चमा प्रभावकारिता एंव गुणस्तरीयता बृद्धि गर्नुपर्ने मुख्य चुनौती हामी सबैको साम् रहेको छ ।

११. **सोच अनुसारको पूँजिगत खर्चको प्रभावकारीता बढाउन सकिएको छैन् ।** आयोजनाको पूर्व तयारी र प्राथमिकीकरण नगरी बजेट विनियोजन गर्ने, उपभोक्ता समितिबाट संचालन हुने आयोजना आर्थिक वर्षको अन्त्यतिर मात्र सम्झौता गर्ने, **Site Clearance** नभई ठेक्का प्रक्रिया अगाडी बढाउने, वडास्तरिय आयोजना छनोट गर्दा स-साना टुक्रे आयोजना छनोट गर्ने र अधिकांश आयोजना समयमै सम्पन्न नगरी म्याद थप गरी अर्को वर्षको लागि

जिम्मेवारी सार्ने कामले निरन्तरता पाउदै आएको छ । आयोजना कार्यान्वयन पक्षलाई प्रभावकारी वनाउदै आन्तरिक आयको दिगो श्रोतको पहिचान एवम् बढोत्तरी गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक बनाउने चुनौती हाम्रो सामु विद्यमान छ ।

१२. संघ तथा प्रदेशका माननीयज्यूहरु, नगर प्रमुख लगायतका जनप्रतिनिधिज्यूहरुको सक्रिय पहलमा संघ र प्रदेश सरकारबाट प्राप्त बजेटको सदुपयोग गर्दै धेरै महत्वपूर्ण पूर्वाधार निर्माणको काम सफलतापूर्वक सम्पन्न गरेका छौं । यसका लागि म संघ तथा प्रदेशका माननीयज्यूहरु, नगर प्रमुख लगायतका जनप्रतिनिधिज्यूहरुको सार्थक पहल कदमीलाई प्रशंसा गदै हृदयदेखिनै धन्यवाद् दिन चाहान्छु । साथै, सडक पूर्वाधार, खानेपानी, शिक्षा, स्वास्थ्य लगायतका सामाजिक, आर्थिक एंव पूर्वाधार विकासका क्षेत्रमा भएको विकास कार्यको सफल कार्यान्वयनले स्थानिय सरकारको रुपमा नगरपालिका प्रति आमनागरिकको भरोसा र विश्वासमा अभिबृद्धि भएको छ । तर, नगरको बढ्दो जनसंख्या र नागरिकको अपेक्षा अनुरुपका थप सेवा सुविधा दिन अहिलेको श्रोत पर्याप्त छैन । आगामी दिनमा नगरलाई स्मार्ट सिटिको रुपमा विकास गर्न धेरै पूर्वाधार बनाउनुपर्ने आवश्यकता छ । यसका लागि संघ र प्रदेश सरकार मार्फत ठुला आयोजनाहरुमा स्रोत व्यवस्थापनको पहल गरी अन्य वैकल्पिक स्रोत पहिचान गर्न जरुरी छ । यो चुनौती सामना गर्न सबै सरोकारवालाको सहकार्य आवश्यक छ ।

१३. **चालु आर्थिक वर्षमा राजस्व संकलन लक्ष्य भन्दा कम संकलन भएको हुनाले (जेठ मसान्तसम्म)** राजस्व प्रणालीमा सुधार, कर चुहावट नियन्त्रण, करको दरमा पुनरावलोकन गदै दायरा विस्तार गरी राजस्व परिचालन वृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरेको छु ।

१४. नगरपालिकाको आन्तरिक राजस्व प्रणालीमा सबै क्षेत्रलाई करको दायरामा ल्याउन नसक्दा आर्थिक आत्मनिर्भरताको लक्ष्य भेट्टाउन सकिएको छैन । संघ तथा प्रदेश सरकारको अनुदानमा आयोजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरिरहेको सन्र्दभमा समय समयमा अनुदान रकम कटौती गर्ने गर्दा नगरपालिकालाई आर्थिक दायित्व बढ्दै जानाले आर्थिक श्रोतको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ ।

१५. पर्यटकीय दृष्टिकोणमा नगरपालिका आर्कषणीय गन्तव्य तथा अपार पर्यटकिय अर्थतन्त्रको संभावना हुँदाहुदै पनि सिमित स्रोतसाधनका कारण आवश्यक पर्यटकीय पूर्वाधारको निर्माण, पर्यटकीय गन्तव्यहरुको पर्याप्त प्रचारप्रसार र पर्यटन व्यवसायीवीचको सहकार्यतामूलक वातावरणको कमी लगायतका कारण अपेक्षित रुपमा आन्तरिक र बाह्य पयर्टक भित्राउन सकिएको छैन । पर्यटन क्षेत्रलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक बनाउने चुनौती हाम्रो सामु रहेको छ ।

१६. उद्योग, व्यवसाय, उद्यमशिलता, रोजगारी प्रर्वद्धन गरी आर्थिक उपार्जन एंव आर्थिक विकासका कार्यलाई उत्पादनशिल बनाई नगरको अर्थतन्त्रलाई दिगो र आत्मनिर्भर बनाउने चुनौति रहेको छ ।

१७. समाजको विकास र रूपान्तरणमा युवाहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको विषयलाई ह हृदयङ्गम गर्दै आजको समयमा जन्मिएका र प्रविधि-संगत वातावरणमा हुर्केका “जेन जी“ पुस्ता सामाजिक चेतना, प्रविधिको प्रयोग, र स्वतन्त्र सोचको दृष्टिले परम्परागत युवाभन्दा भिन्न छन् । तर तिनलाई समाजको मुख्यधारमा समेटी नगरको विकास र समृद्धिमा सकृय बनाउनु चुनौती रहेको छ ।

१८. नगरको साधारण खर्चलाई वाञ्चित सीमा भित्र राख्ने र विनियोजन दक्षता तथा कार्यान्वयन कुशलता सहित संयन्त्रको क्षमता अभिबृद्धि गर्ने उद्देश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु । यसबाट नगरको प्रशासनिक खर्चलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सघाउ पुग्ने विश्वास लिएको छु ।

१९. माथि उल्लेखित चुनौती एवम् मुलुकको समग्र अर्थतन्त्रमा देखिएका समस्याका बाबजुद पनि नगरपालिकाले लिएको पहलकदमीले नगरपालिकाको अर्थतन्त्र सही दिशामा रहेको जानकारी यस गरिमामय सभालाई गराउन चाहन्छु । नगरपालिकाले संचालन गरेका धेरै आयोजनाहरु निर्माण सम्पन्न भई भौतिक पूर्वाधारको विकासमा नगरपालिकाको परिणाम देखिन थालेको छ । साथै, शिक्षा तथा स्वास्थ्यलाई विगतका वर्षमा नगरपालिकाले प्राथमिकता दिई लगानी गरेकोले त्यस क्षेत्रको सुधारमा सकारात्मक संकेतहरु देखिन थालेका छन् । नगरपालिकाबाट

लक्षित वर्ग, विभिन्न पेशा व्यवसायमा संलग्न भएका तथा नयाँ उद्यमशिलताका क्षेत्रमा कार्य गर्न चाहने इच्छुक नगरवासीहरुलाई सीप विकासको तालिम र आवश्यक प्रविधि लगायत वस्तुको अनुदान दिई उनीहरुको क्षमता विकास मार्फत स्वरोजगारी र रोजगारीका अवसर विकास गरिएको छ जसबाट आर्थिक क्रियाकलापमा बढोत्तरी गरिदै आएको छ । आगामी दिनमा नीतिगत, प्रणालीगत तथा प्रक्रियागत सुधार गरी नगरको अर्थतन्त्रलाई सही मार्गमा अगाडी बढाउन बुढानीलकण्ठ नगरपालिका दृढ संकल्पित रहेको विश्वास दिलाउन चाहन्छु । साथै यिनै मुख्य चुनौती र अवसरहरुलाई मनन एवम् नगरवासीको आवश्यकतालाई मध्यनजर गदै बजेटका उद्देश्य र प्राथमिकता तय गरेको छु ।

**आदरणीय सभाध्यक्ष एवम् सदस्यज्यूहरू**

२०. **“: स्वच्छ, शान्त, समृद्ध पर्यटकिय नगर बुढानीलकण्ठ” भन्ने** मूल ध्येयका साथ बजेटको उद्देश्य देहाय अनुसार उल्लेख गरेको छु:

**क.** गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको प्रत्याभूत गर्ने,

ख. सूचना प्रविधिको उच्चतम उपयोग र संस्थागत सुशासन कायम गर्ने,

ग. दिगो पूर्वाधार निर्माण, सन्तुलित विकास एवम् संरक्षण र सम्वर्द्धन गर्ने,

घ. भाषा, संस्कृति, कला, साहित्यको संरक्षण, प्रर्वद्धन र विकास गर्ने,

ङ. कृषि तथा पशुपंक्षी क्षेत्रको व्यावसायिक विकास एवम् वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्ने,

च. उद्यमशीलता तथा स्वरोजगारी सिर्जना र युवा तथा खेलकुदको प्रर्वद्धन गर्ने,

छ. बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने ।

**२१. बजेटका प्राथमिकताहरु निम्नअनुसार निर्धारण गरेको छु :**

क. गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षा

ख. फलदायी दिगो पूर्वाधार निर्माण तथा सन्तुलित विकास

ग. सूचना प्रविधि र तीनको अधिकतम उपयोग

घ. वन तथा वातावरण संरक्षण, फोहोरमैला तथा विपद् व्यवस्थापन

ङ आर्थिक विकास र राजस्व परिचालन

च. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन

छ. खानेपानी श्रोतको संरक्षण तथा व्यवस्थापन

ज. सार्वजनिक जग्गाको संरक्षण

झ. प्रशासनिक पुनर्संरचना तथा संस्थागत सुशासन

ञ. भाषा, सस्कृति,कला, साहित्यको संरक्षण, प्रवर्द्धन र विकास

ट. उद्यम, स्वरोजगारी र सहकारीताको विकास

ठ युवा शक्ति तथा खेलकुदको प्रवर्द्धन

ड. कृषि तथा पशुपक्षी क्षेत्रको व्यवसायिक विकास, उत्पादकत्वमा अभिवृद्धि, बजारीकरण तथा व्यवसायिकीकरण

ढ. जनसांख्यिक लाभको उच्चतम उपयोग र समावेशीकरण तथा महिला तथा सिमान्तकृत समुदायको मूलप्रवाहीकरण

**आदरणीय नगरसभा सभाध्क्षज्यू एवम् सदस्यज्यूहरू**

**बजेटले लिएका उद्देश्य हासिल गर्न देहाय बमोजिमका सुधार प्रस्ताव गरेको छु:**

२२. नगरको गौरव आयोजना, बहुवर्षिय र क्रमागत योजनालाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२३. आयोजना तथा कार्यक्रम समावेश गरी श्रोत छर्ने प्रवृत्तिमा सुधार गर्न क्षेत्रगत प्राथमिकता भित्र ठूला तथा छिटो प्रतिफल दिने, बहुसंख्यक नगरवासीले लाभ प्राप्त गर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।

२४. आगामी आर्थिक वर्षको **बजेट कार्यान्वयन कार्ययोजना** साउनको महिनामानै तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ । नगर कार्यपालिका बैठकबाट कार्ययोजना अनुमोदन गरी कार्यान्वयनको नियमित अनुगमन गरिनेछ ।

२५. ठूला आयोजना कार्यान्वयनका लागि पहिलो चौमासिक भित्रै ठेक्का व्यवस्थापन गर्ने प्रक्रिया मिलाइनेछ । आयोजना तथा कार्यक्रम कार्यान्वयनमा ढिलाई गरी आर्थिक वर्षको अन्तिममा कार्यान्वयन गर्ने प्रवृत्तिलाई कडाईका साथ निरुत्साहित गरिनेछ ।

२६. आयोजना कार्यान्वयनमा निर्माण व्यवसायीलाई जिम्मेवार बनाइ ठेक्का सम्झौताको विवरण र कार्य प्रगतिको नियमित अनुगमन गरिनेछ । अनुगमनबाट गम्भीर प्रकृतिको लापरवाही देखिएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यवस्था गरिनेछ ।

२७. उपभोक्ता समितिका पदाधिकारीको क्षमता अभिबृद्धि गरी योजना कार्यान्वयनमा पूर्ण जिम्मेवार बनाईनेछ । उपभोक्ता समितिबाट संचालित योजनाको सम्झौता आर्थिक वर्षको अन्तिममा गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी ***चैत्र मसान्त भित्र सम्झौताः जेठ मसान्त भित्र भुक्तानी*** नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ । तोकिएको समय भित्र फरफारक गर्न सम्भव नभएका आयोजना आवश्यकता र औचित्यतताका आधारमा मात्र नगर प्रमुखबाट म्याद थप गरि आयोजनालाई निरन्तरता दिइनेछ । साथै, स-साना आयोजनालाई अर्को वर्ष जिम्मेवारी सार्ने प्रवृत्तिलाई पूर्ण रुपमा रोक लगाइनेछ ।

२८. आयोजना कार्यान्वयनको लागि पूर्वाधार विकास समितिलाई सक्रिय र जिम्मेवार बनाई स्थलगत निरक्षण गरि **Site Clearance** भएको प्रतिवेदन प्राप्त भएपछि मात्र सम्झौता गर्ने व्यवस्था मिलाइनेछ । साथै, Site Clearance मा वडाका जनप्रतिनिधिलाई पूर्णरुपमा जिम्मेवार बनाइनेछ ।

२९. खर्च गर्ने क्षमता बृद्धि गर्दै आयोजना तथा कार्यक्रमका निर्धारित लक्ष्य हासिल गर्न सम्बन्धित महाशाखा तथा शााखा प्रमुख र वडा कार्यालयलाई जिम्मेवार बनाइनेछ । आयोजना अनुगमन प्रणालीको सुधार गरी नतिजामा आधारित बनाइ अनुगमन समितिले दिएको सुझाव तथा मार्गदर्शनलाई कार्यान्वयन गरिनेछ ।

३० परियोजना बैकलाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनेछ । साथै, विकास निर्माणका आयोजनाहरूको गुणस्तरमापन तथा चेकजाँच गर्न प्रविधियुक्त प्रयोगशाला कार्यान्वयनमा ल्याइनेछ ।

३१. सडक, ढल, खानेपानी, विद्यालय, स्वास्थ्य संस्था लगायत आवश्यक विकास पूर्वाधारको नक्साङ्कन गरी सोको आधारमा बहुसंख्यक नगरवासी लाभान्वित हुने गरी आयोजनाको छनोट एवम् कार्यान्वयन गरिनेछ ।

३२. नगर तथा वडा कार्यालयबाट हुने प्रशासनिक खर्च न्यूनीकरण गरी चालु खर्चमा मितव्यीयता कायम गर्ने नीति अवलम्वन गरिनेछ ।

३३. नगरपालिकाबाट अनिवार्य रुपमा प्रतिनिधित्व गर्नुपर्ने बाहेक अन्य आन्तरिक र बाह्य भम्रण कार्यक्रमलाई निरुत्साहित गरेको छु ।

३४. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी सोही अनुसार विद्यमान संरचना र जनशक्ति व्यवस्थापनलाई छरितो बनाइनेछ । स्वीकृत दरबन्दी भन्दा बढी सेवा करार तथा सरुवा सहमती दिन नपाइने व्यवस्था मिलाएको छु ।

३५. प्राथमिकीकरण नगरी साना आयोजना तथा कार्यक्रमहरुमा स्रोत छर्ने प्रवृत्ति न्यूनीकरण गर्न आगामी आर्थिक वर्षमा आयोजना तथा कार्यक्रमको औचित्य र आवश्यकताको सघन समीक्षा गरी बजेट प्रणालीमा थप सुधार र पुर्नसंरचना गरिनेछ ।

३६. माथि उल्लेखित नीतिगत र संरचनागत सुधारले बजेट विनियोजनको प्रभावकारीता बढ्ने र नगरपालिकाको विकास गतिशिल हुने विश्वास लिएको छु ।

## आदरणीय सभाध्यक्षज्यू एवम् सदस्यज्यूहरू

नगरसभाको गरिमामय १६ औं अधिवेशनको तेश्रो वैठक समक्ष नेपालको संविधानको धारा २२९ बमोजिम व्यवस्थापन हुने स्थानीय सञ्चित कोषको स्रोत अनुसार आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय रु. ३ अर्व ४५ करोड र सोही बमोजिमको अनुमानित व्ययको विवरण सहित यो सम्मानित नगरसभा समक्ष बजेट पेश गर्न चाहन्छु ।

अब म, आगामी आर्थिक वर्षको बजेटका मुख्य –मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

## ३७. सामाजिक विकास तर्फ

### क. स्वास्थ्य

नगरवासीको स्वास्थ्य र समृद्ध जीवनशैलीलाई सुनिश्चित गर्ने लक्ष्यसहित नगरपालिकाले विगत देखिनै निरन्तर रुपमा जनस्वास्थ्य प्रर्वद्धनलाई प्राथमिकता दिँदै आएको छ । आगामी आर्थिक वर्षमा नगरभित्र स्वास्थ्य पूर्वाधारको सुदृढीकरण, गुणस्तरीय सेवा प्रवाह र जनस्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रमलाई अझ सशक्त बनाउने उद्देश्य लिइएको छ । जसको लागि प्रसुती पोषण भत्ता (बु.न.पा अन्तर्गत बर्थिंग सेन्टरमा प्रसुती हुने महिलाहरुलाई मात्र), स्वास्थ्यकर्मीलाई जोखिम भत्ता, स्वास्थ्य सम्बन्धी विभिन्न तालिम, अध्ययन, अनुसन्धान, पुनर्ताजगी कार्यक्रम, जेष्ठ नागरिक स्वास्थ्य प्रबर्धन कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविकालाई चाडपर्व खर्च (प्रति व्यक्ति ७००० का दरले), महिला स्वास्थ्य स्वयंसेविकालाई प्रतिबेदन बापत (प्रति व्यक्ति प्रति महिना रु १००० का दरले), जलन सम्बन्धि जन-चेतना कार्यक्रम, खोप तथा स्वास्थ्य सामग्री नियमित आपूर्ति, नागरिक आरोग्य केन्द्र सबलिकरण तथा आयुर्वेद तथा बैकल्पिक चिकित्सा कार्यक्रम, स्वास्थ्य संस्थाहरुको लागि औषधी तथा स्वास्थ्य उपकरण खरिद, पेशागत स्वास्थ्य प्रबर्धन तथा सचेतना कार्यक्रम, किशोर किशोरी, नब-विवाहित दम्पतिहरु एबं युवा युवतीहरुलाई प्रजनन स्वास्थ्य, यौनिक शिक्षा तथा स्वास्थ्य प्रबाह सम्बन्धी कार्यक्रम, मनोसामाजिक स्वास्थ्य प्रबर्धन कार्यक्रम, बिधालय अन्तर्गतका बालवालिकाको स्वास्थ्य परिक्षण तथा विधालय स्वास्थ्य शिक्षा प्रबर्धन कार्यक्रम, समुदायिक विद्यालयमा निःशुल्क र संस्थागत विद्यालयमा साझेदारीमा लागु औषध रोकथाम, नियन्त्रण तथा सचेतना कार्यक्रम, क्षयरोग मुक्त नेपाल अभियान तथा कुष्ठरोग प्रभावितहरुका लागि स्वास्थ्य प्रबर्धन कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, नसर्ने रोग सम्बन्धि निदानात्मक,पूर्व परिक्षण,स्वस्थ्य मुटु तथा महिलाहरुको प्रजनन रुग्नता सम्बन्धी शिबिरहरु, जैविक प्रतिरोधात्मक ( Anti–Microbial Resistance_ Rational Use of Drug सम्बन्धी सचेतना कार्यक्रम संचालन, निःशुल्क रक्त ब्यबस्थापन खर्च, मोति बिन्दुको पूर्व परिक्षण तथा निःशुल्क शल्यक्रिया , परिवार योजना कार्यक्रम तथा लामो अबधिको परिवार योजना सेवा कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था गरेको छु । स्वास्थ्यकर खाध पदार्थ खरिद तथा बिक्रि वितरण नीतिको कार्यान्वयन, खाद्य

गुणस्तर तथा खानेपानी नमुना परिक्षण, अनुगमन लगायतका कार्यक्रम संचालन गर्न रु. २ करोड ३ लाख ८० हजार विनियोजन गरेको छु ।

साथै, बुढानीलकण्ठ नगरवासीहरूलाई गुणस्तरीय, सरल र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने अभिप्रायले सञ्चालित बुढानीलकण्ठ नगर अस्पताल नगरपालिकाको प्रमुख प्राथमिकतामा रहेको छ । चालू आर्थिक वर्षमा २४ घण्टा संचालनको लागि अस्पतालमा जनशक्ति व्यवस्थापन, सेवा विस्तार, र आधारभूत पूर्वाधार निर्माणका कार्यहरू सम्पन्न गरिएको छ । यद्यपी आगामी दिनमा नगरवासीलाई पहुँचयोग्य र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले सञ्चालित नगर अस्पतालको सेवा सुदृढीकरण, विस्तार, र आधुनिकीकरण गर्दै नगरवासीको पहिलो रोजाईको अस्पतालको रुपमा विकास गर्ने कार्यलाई प्रमुख प्राथमिकतामा राखिएको छ । जसको लागि अस्पताललाई सुविधासम्पन्न बनाई संस्थागत विकास गर्न रु. ८ करोड ८२ लाख नगरपालिकाको आन्तरिक श्रोतबाट र बाँकी २ करोड नगर अस्पतालको आन्तरिक श्रोतबाट खर्च गर्ने गरी रु. १० करोड ८२ लाख विनियोजन गरेको छु । ***समग्रमा नगर स्वास्थ्य क्षेत्रमा रु. १२ करोड ८५ लाख ८० हजार विनियोजन गरेको छु ।***

**ख. शिक्षा**

सार्वजनिक शिक्षाको गुणस्तरमा सुधार गरी विद्यार्थी र अभिभावकको पहिलो रोजाइको विद्यालयका रुपमा सामुदायिक विद्यालयहरुको विकास गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिलाई केन्द्रमा राखी शैक्षिक उन्नयन वर्षका कार्यक्रमलाई निरन्तरता दिदै बाल विकासका सहजकर्ताको थप प्रोत्साहन, विद्यालय कर्मचारी लेखा तथा सहयोगी व्यवस्थापन, आधारभूत तहमा अंग्रेजी शिक्षक, निम्न माध्यमिक तहमा विषयगत शिक्षक र माध्यमिक तहमा विषयगत शिक्षकको व्यवस्थापन, शिक्षक बैक (संगीत, नृत्य, खेलकुद, योगा कम्प्युटर र विज्ञान), प्रधानाध्यापक कार्य सम्पादन करार कार्यान्वयन, प्रारम्भिक बालबिकास सुदृढिकरण एंव कक्षामा थप शिक्षक र आयाको व्यवस्था, सबै सामुदायिक विद्यालयमा पुस्तकालय तथा बुक कर्नर, विद्यार्थी वृति परामर्श, विद्यालय मर्मत संभार, विद्यालयमा पिउनेपानी व्यवस्थापन, शिक्षा र सीप दिन कार्यक्रम, विद्यालयमा दिवा खाजा कार्यक्रम, शैक्षिक रुपान्तरण कार्यक्रम, हाम्रो बुढानीलकण्ठ पाठ्यपुस्तक

समयानुकल परिमार्जन सहित छपाई र वितरण, राष्ट्रपति रनिङ शिल्ड आयोजना, सामुदायिक एंव संस्थागत विद्यालयका शिक्षकलाई तालिम, रोजगार तथा वृत्ति परामर्श मेला आयोजना, विद्यालय तहमा अतिरिक्त क्रियाकलाप आयोजना तयारी तथा व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्र सञ्चालन, नगर पुस्तकालय व्यवस्थापन, खुशी शिक्षा (स्थानीय) पाठ्यक्रम निर्माण, नगर स्काउट कार्यक्रम, सामुदायिक तथा संस्थागत व्दिालयमा शैक्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन, अटिजम भएका विद्यार्थीका लागि दिवा स्याहर र शिक्षाका लागि भौचर कार्यक्रम, शिक्षण सिकाइको प्राविधिक परीक्षण, बैकल्पिक शिक्षा र सिकाइ कार्यक्रम, ४ जिपिए ल्याउने विद्यालय तथा विद्यार्थीलाई प्रोत्साहन, पूर्व प्राथमिक तहमा फिफा प्रतियोगिता आयोजना, आधारभूत तहमा खेलकुद प्रतियोगिता आयोजना, शिक्षामा गुणस्तर वृद्धिका लागि शैक्षिक अनुसन्धान प्रबर्तन, प्राविधिक शिक्षाका लागि छात्रवृत्ति र साझेदारी कार्यक्रम, अभिभावक शिक्षा वृत्ति कार्यक्रम, संस्थागत विद्यालयको अनुगमन एंव सुदृढिकरण कार्यक्रम, कपन क्याम्पस संचालन तथा व्यवस्थापन लगायतका कार्यक्रम संचालन गर्न नगरको समग्र शिक्षा क्षेत्रमा रु. ९ करोड २५ लाख विनियोजन गरेको छ ।

**ग. युवा तथा खेलकुद**

युवा पुस्ता राष्ट्र निर्माणका लागि अपरिहार्य शक्ति हो । तिनको सिर्जनशीलता, क्षमताको विकास तथा सकारात्मक सशक्तिकरणका लागि बुढानीलकण्ठ नगरपालिकाले विभिन्न कार्यक्रमहरू गर्दै आएको छ । साथै, खेलकुद क्षेत्रले युवालाई अनुशासन, सहकार्य र नेतृत्व क्षमताको विकासमा योगदान दिने भएकाले यस क्षेत्रलाई प्राथमिकतामा राखेको छ । तसर्थ, वडासँगको साझेदारीमा वडामा क्रिकेट प्याक्टिस फिल्ड निर्माण, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन जाने खेलाडीलाई प्रोत्साहन सहयोग, नगरपालिका स्तरमा खेलकुद प्रतियोगिता आयोजना गर्ने क्लबहरुसँग साझेदारी, मेयर कपको आयोजना, खेलाडी सम्मान लगायतका कार्यक्रमको लागि समग्रमा नगरको खेलकुद विकासका लागि रु. १ करोड विनियोजन गरेको छ । साथै युवा जनशक्तिको परिचालन गर्न वडा युवा परिषद मार्फत गरिने युवा विकासका कार्यक्रमहरु, स्वदेशमै केही गरौँ, पसिना आफ्नै देशमा बगाउँ, युवा विकासका निम्ति नीति संवाद तथा युवा नीति निर्माण कार्यक्रम, युवा सम्मेलन, युवा

मानसिक विकासका कार्यक्रमहरु, युवा उद्यमशिलता विकास कार्यक्रम र युवाको शारिरीक तथा मानसिक बिकासको लागि विभिन्न खेलकुद आयोजना संचालन गर्न रु. ५० लाख विनियोजन गरेको छ। साथै नगरको गौरवको आयोजनाको रुपमा वडा नं. ४ स्थीत बुढानीलकण्ठ खेल मैदान निर्माणाको लागि रु. ५ करोड विनियोजन गरेको छ। ***समग्रमा युवा तथा खेलकुद क्षेत्रमा रु. ६ करोड ५० लाख बजेट विनियोजन गरेको छ।***

**घ.जनसंख्या तथा सामाजिक समावेशिकरण/संघ संस्था समन्वय/पञ्जिकरण**

जनसंख्याको विविधता र सामाजिक समावेशिकरण स्थानीय विकासको आधार हो भन्ने मान्यता अनुरूप यस नगरपालिकाले सबै समुदायको समान सहभागिता सुनिश्चित गर्न विविध कार्यक्रमहरू संचालन गर्दै आएको छ। नगर क्षेत्रमा रहेका महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, सीमान्तकृत र पिछडिएको वर्गको पहिचान, सहभागिता र सशक्तिकरणमा विशेष ध्यान दिइनेछ। यसका लागि समावेशीकरणका क्षेत्रमा लैङ्गिक समानता प्रवर्द्धन, बाल अधिकार, ज्येष्ठ नागरिकका अधिकार तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मैत्रीपूर्ण पूर्वाधार तथा सेवा प्रवाहको सुनिश्चितताका कार्यक्रमहरू संचालन गरिनेछ। सामाजिक समावेशीकरण तथा सशक्तिकरण कार्यक्रम अर्न्तगत रु. १ करोड ६६ लाख विनियोजन गरेको छ।

नगर क्षेत्र भित्र कार्यरत **गैर सरकारी संघ संस्थाहरुको** प्रभावकारी नियमन गरी नगरको विकास र सम्बृद्धिमा सहकार्यमुलक वातावरण तयार गर्न संघ संस्था समन्वय, सहकार्य ( अन्तरक्रिया, समीक्षा), संघ संस्था अनुगमन मुल्यांकन, टोल विकास संस्थाको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम संचालन गर्न रु. १५ लाख विनियोजन गरेको छ।

**सामाजिक सुरक्षा कार्यक्रमलाई** प्रभावकारी वनाउन व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी ऐन नियम तथा दर्ता प्रणाली बारे कर्मचारीहरुलाई तालिम, सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धी अभिमुखीकरण तथा घुम्ती शिविर, व्यक्तिगत घटना दर्ता दिवस/सप्ताह कार्यक्रम, बैठक, अन्तरक्रिया तथा समीक्षा लगायतका कार्यक्रम संचालन गर्न रु. १८ लाख विनियोजन गरेको छ। समग्रमा जनसंख्या तथा सामाजिक समावेशीकरण/संघ संस्था समन्वय/पञ्जिकरण क्षेत्रमा रु. १  करोड ९९ लाख विनियोजन गरेको छ।

## ङ. भाषा तथा संस्कृति

हाम्रो नगरपालिका बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषता बोकेको धार्मिक एंव ऐतिहासिक नगर हो। नगर क्षेत्रभित्र बसोबास गर्ने विभिन्न समुदायहरूको मौलिक भाषा, धर्म, परम्परा, संस्कार, कला, लिपि, पोशाक, पर्व तथा जीवनशैलीहरू हाम्रो साझा सम्पदा हुन्। यी बहुमूल्य सम्पदाको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण गर्नु वर्तमान पुस्ताको ऐतिहासिक जिम्मेवारी हो भन्ने दृढ विश्वासका साथ यस नगरपालिकाले भाषा तथा संस्कृति सम्बर्द्धनसम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकता दिएको छ। त्यस्तै, नगरपालिका क्षेत्रभित्र रहेका सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं पुनर्निर्माण, धार्मिक पर्यटकीय सम्भावना बोकेका स्थलहरूको पूर्वाधार विकास तथा प्रवर्द्धन, नगरको सांस्कृतिक पहिचान उजागर गर्ने कार्यक्रमहरूलाई समेत प्राथमिकतामा राखेको छु। जसको लागि प्रतिभा बुढानीलकण्ठ, खैजडी भजन संरक्षण तथा प्रवर्द्धन, बुढानीलकण्ठको ऐतिहाँसिक, साँस्कृतिक सम्पदाको अन्वेषण तथा अनुसन्धान सम्मान कार्यक्रम, अन्तरपालिका सांस्कृतिक सहकार्य, भाषा, साहित्य, कला, सँस्कृति सम्मेलन कार्यक्रम गोष्ठी महोत्सव, भाषा, साहित्य, कला, संस्कृति सम्मान पुरस्कार तथा सहकार्य, संयुक्त ल्होछार/ल्होसार कार्यक्रम, कला संस्कृति झल्किने भित्तेचित्र तथा सौन्दर्यकरण कार्यक्रम, बुढानीलकण्ठ एकादशी मेला, स्थानीय जात्रा धर्म पर्व परम्परागत तथा मौलिक सँस्कृति चाँडपर्व सम्बर्द्धन मार्फत सामाजिक समावेशिता, पहिचानको संरक्षण र समृद्ध समुदायको निर्माणमा टेवा पुऱ्याउने लक्ष्यका साथ रु. १ करोड विनियोजन गरेको छु । साथै स्थानिय भाषा तथा संस्कृतिको संरक्षण तथा प्रर्वद्धनका लागि नगर गौरवको आयोजनाको रुपमा साँस्कृतिक प्रतिष्ठान निर्माणको लागि रु. ३ करोड विनियोजन गरेको छु । समग्रमा भाषा तथा संस्कृति क्षेत्रको विकासको लागि रु. ४ करोड विनियोजन गरेको छु ।

***समग्रमा, नगरको सामाजिक विकासको क्षेत्रमा रु. ३४ करोड ८६ लाख ८० हजार विनियोजन गरेको छु । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १३ करोड ५६ लाख ८० हजार रुपैयाँ बढि बजेट विनियोजन गरेको छु ।***

## ३८. <u>आर्थिक विकास तर्फ</u>

### क. कृषि

कृषकहरूको आयवृद्धि, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, नवप्रविधिको विस्तार, र खाद्य सुरक्षाको प्रत्याभूति गर्ने उद्देश्यले कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यावसायिकता र सहकारीकरणतर्फ अग्रसर गर्ने अभिप्रायले अदुवा/बेसार वितरण कार्यक्रम/तालिम तथा सेवा टेवा सहित ५०% अनुदान, उन्नत/वर्णशंकर जातका खाद्यान्न बालीको बीउ वितरण (धान, गहुँ, मकै) ५०% अनुदान, व्यावसायिक तरकारी खेति गर्ने कृषकलाई यू.भि.प्लाष्टिक ५० प्रतिशत अनुदानमा वितरण, विद्यालय कृषि शिक्षा कार्यक्रम, इन्सेक नेट बितरण , कृषि यन्त्रीकरण प्रबर्द्धन कार्यक्रम अन्तर्गत (मिनि टिलर ५० प्रतिशत अनुदानमा वितरण) व्यावसायिक तरकारी खेति गर्ने कृषकलाई सिल्पोलिन.प्लाष्टिक वितरणमा ५० प्रतिशत अनुदान, अर्गानिकि कृषि उत्पादन लाइ जोडदिन प्राङ्गारिक मल बितरण कार्यक्रम, ब्यावसायिक कृषकलाई थोपा सिचाइ जडान कार्यक्रम, आकस्मिक बाली संरक्षण सेवा , तरकारीको उन्नत बीउ कम्पोजिट वितरण (नि शुल्क बितरण हिउदे तथा बर्षे), कौसी खेति प्रवर्धन कार्यक्रम मार्फत व्यवसायीक खेतिको प्रर्वद्धन मार्फत कृषि क्षेत्रको विकासको लागि समग्रमा कृषि क्षेत्रको विकासमा ९० लाख विनियोजन गरेको छु ।

### ख पशुपंक्षी

बुढानीलकण्ठ नगरपालिकाले पशुपन्छी पालन तथा पशु सेवाको विकासलाई प्राथमिकता दिदै आएको छ । यस क्षेत्रको समृद्धि र दिगोपन सुनिश्चित गर्न पशु कल्याण, स्वास्थ्य सेवा, उत्पादन वृद्धि, तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले वार्षिक बजेट विनियोजन गरिएको छ । पशु स्वास्थ्य सुधार, रोग नियन्त्रण, पशु उत्पादन वृद्धि, सामुदायिक कुकुर बध्याकरण , पशु राजिष्ट्रेसन कृषकलाई सिपमूलक तालिम प्रदान, तथा पशु कल्याण कार्यक्रम संचालन गरी स्थानीय आर्थिक विकास र जीविकोपार्जनमा योगदान पुऱ्याउने अभिप्रायले पशुपंक्षी विकासको क्षेत्रमा रु. ८० लाख विनियोजन गरेको छु ।

### ग. सहकारी

अर्थतन्त्रको तिन मध्ये एक खम्बाको रुपमा रहेको सहकारी क्षेत्र समुदायको आर्थिक, सामाजिक विकासको सशक्त माध्यमको रूपमा रहेको छ । जसले गर्दा सहकारी संस्थाहरूले सदस्यहरूको आर्थिक सशक्तिकरण र समावेशी विकासमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएका छन् । सहकारी संस्थाहरूलाई सक्षम बनाउँदै आर्थिक समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै सदस्यहरूको जीवनस्तर सुधार गर्ने हाम्रो प्रमुख लक्ष्य हो, जसको लागि सहकारी संस्थाहरूमा पारदर्शिता र जवाफदेहिता बढाउन प्रभावकारी अनुगमन प्रणाली लागू गरिनेछ । साथै, महिला, युवा तथा विभिन्न सामाजिक समूहहरूको सहकारी क्षेत्रमा सहभागिता अभिवृद्धि गरिनेछ, सहकारी संस्थाको क्षमता विकास, सुशासन प्रर्वद्धन जसको लागि सहकारी क्षेत्रलाई अझ सशक्त बनाउने अभिप्रायले सहकारी क्षेत्रमा रु. ४० लाख विनियोजन गरेको छु।

### घ. उद्योग तथा पर्यटन

उद्योग तथा पर्यटन क्षेत्र नगरको आर्थिक समृद्धिको मेरुदण्ड हो भन्ने मान्यता अनुरूप आगामी आर्थिक वर्षमा बुढानीलकण्ठ नगरपालिकाले दिगो, समावेशी तथा स्थानीय उत्पादनमा आधारित औद्योगिक विकास र पर्यटकीय पूर्वाधार विकास एंव पर्यटन प्रर्वद्धनलाई समुचित विकासलाई प्राथमिकता दिने नीति अवलम्बन गरेको छ। नगर क्षेत्रभित्रका उद्योग एंव व्यवसायको विकास तथा मौलिक, सांस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने रणनीतिअनुसार नगरपालिकाले आगमी वर्ष व्यवसायीहरुलाई कानूनी परामर्श सम्बन्धी कार्यक्रम, औद्योगिक, व्यापारिक तथ्याङ्क, व्यवस्थापन, उद्योग व्यवसायको नियमित अनुगमन, सीप मेला सञ्चालन तथा व्यवस्थापन, उद्योग व्यवसाय समन्वय, अनुगमन मूल्यांकन विविध, उद्योग व्यवसायीलाई व्यावसायीक सीप तथा वजारीकरण सम्बन्धी तालिम, टुरिजम लोकेशन म्याप अध्यावधिक, डिजिटल बोर्ड व्यवस्थापन, बुढानीलकण्ठ स्ट्रीट फेस्टिभल सञ्चालन, पर्यटन प्रवर्द्धनका लागि सामूहिक हाइकिङ्ग कार्यक्रम, नगरपालिकाभित्रका पर्यटकिय सम्भाव्यताका विषयमा खुल्ला आह्वान सहित भिडियो च्यालेन्ज प्रतियोगिता, Cyclying सम्बन्धी गतिविधी, घुमौ बुढानीलकण्ठ अभियान, पर्यटन प्रचार प्रसार तथा

प्रवर्द्धन सामाग्री छपाई विविध, पर्यटन प्रवर्द्धनका लागि पशुपती क्षेत्र विकास कोष लगायत अन्य संघ संस्थासँग समन्वय तथा सहकार्य, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज तथा विविध पर्यटन पक्षसँग समन्वयात्मक बैठक, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र जीप सफारीको सम्भाब्यता अध्ययन तथा सरोकार पक्षसँग समन्वय, पर्यटकीय होटल, रेष्टुरेन्ट तथा रिसोर्टहरुको अनुगमन, डाँडागाउँमा सनसेट भिउ पोइन्ट निर्माण लगायतका कार्यक्रम संचालन मार्फत ***"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"*** *को* मूल अभिष्ट पुरा गर्न रु. १ करोड १३ लाख विनियोजन गरेको छु । साथै नगर गौरवको आयोजनाको रुपमा औधोगिक ग्राम र Incubation Centre निर्माणको लागि रु. १ करोड र नगर उद्यमशिलता विकास कार्यक्रमको लागि रु. ५० लाख गरी रु. १ करोड ५० लाख विनोजन गरेको छु । ***समग्रमा उद्योग तथा पर्यटन क्षेत्रको विकासको लागि रु. २ करोड ६३ लाख विनियोजन गरेको छु ।***

**ङ. वातावरण**

बुढानीलकण्ठ नगरपालिकाले वातावरण संरक्षण, दिगो विकास र हरित नगर निर्माणलाई प्राथमिकता दिँदै नगरको वातावरणीय दायित्वप्रति प्रतिबद्ध, पर्यावरणीय संवेदनशीलता, जैविक विविधता र हरित पूर्वाधारका दृष्टिकोणले समृद्ध नगर हो । नेपालको संविधानले वातावरणीय अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको सन्दर्भमा, हामी वातावरण संरक्षण र जलवायु परिवर्तनको न्यूनीकरण तथा अनुकूलनलाई नगरपालिकाको विकास योजनाको अभिन्न हिस्सा बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं । जसको लागि नगरको गौरवको आयोजनाको रुपमा **नगर सरसफाइ तथा सुन्दरता कार्यकममा रु. ८० लाख, नगर स्तरिय योजना अर्न्तगत फोहोरमैला व्यवस्थापन तथा सामाग्री खरिदमा रु. ३ करोड र** ट्रि-गार्ड निर्माण, सार्वजनिक पार्कहरुमा वृक्षारोपण तथा सौन्दर्यकरण, टोल तथा विधालय सचेत कार्यक्रम ( सचेत बुढानीलकण्ठ), सडक किनार/नदी किनार तथा प्रति जग्गा सौन्दर्यकरण तथा हरियाली प्रवर्धन, टोल तथा विधालय सचेत कार्यक्रम (सचेत बुढानीलकण्ठ), फोहोरमैला व्यवस्थापन योजना निर्माण, वाताबरण संरक्षण, जलवायू परिवर्तन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम, जैविक विविधताको अध्ययन, अनुसन्धान तथा अभिलेखिकरण लगायतका कार्यक्रम संचालन गर्न रु. ७४ लाख गरि समग्रमा वातावरण तथा फोहोरमैला व्यवस्थानपन कार्यको लागि रु. ४ करोड ४४ लाख विनियोजन गरेको छु ।

**च. रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापन**

बुढानीलकण्ठ नगरपालिकाले समावेशी र दिगो आर्थिक विकासको लक्ष्यलाई आत्मसात् गर्दै स्थानीय तहमा रोजगारीको अवसर सृजना गरी श्रमशक्ति परिचालन गर्ने, युवा तथा महिला लक्षित सीप विकास कार्यक्रमहरूलाई प्रवर्द्धन गर्ने नीति अनुरूप रोजगार सेवा केन्द्रको सुदृढीकरणलाई विशेष प्राथमिकता दिदै आएको छ । नगरको समृद्धिका लागि दक्ष जनशक्ति अपरिहार्य भएकाले रोजगार सेवा केन्द्रलाई नगर क्षेत्रका बेरोजगार युवा, महिला, विपन्न तथा सीमान्तकृत समुदायका सदस्यहरूको क्षमता अभिवृद्धि, तालिम, स्वरोजगार तथा रोजगारी सञ्जालमा पहुँच सुनिश्चित गर्ने प्लेटफर्मको रूपमा विकास गरिनेछ । यस सन्दर्भमा यस केन्द्रमार्फत व्यवसायिक तथा प्रविधिमैत्री तालिम कार्यक्रमहरू सञ्चालन गरि रोजगार सेवा केन्द्रलाई प्रविधिसम्पन्न बनाउँदै, सेवाको डिजिटल पहुँच विस्तार मार्फत सेवाग्राहीहरूले सहज रूपमा रोजगारसम्बन्धी सूचना, रोजगार मेलाहरूमा सहभागिता तथा विभिन्न रोजगारदातासँग सञ्जाल विस्तार गरी केन्द्रमार्फत श्रमिक दर्ता, रोजगार मार्गदर्शन, तालिमको मूल्याङ्कन तथा अनुगमन प्रणालीको विकास गर्न रु. २५ लाख रुपयाँ विनियोजन गरेको छु ।

**छ. श्रम डेस्क तथा श्रम समन्वय**

नगर क्षेत्रभित्र रहेका श्रमिकहरुको अधिकारको संरक्षण, रोजगारीका अवसरहरूको सृजना, श्रमिकहरूको दर्ता, अभिलेख व्यवस्थापन, सीप अभिवृद्धि, श्रमजन्य विवाद समाधान तथा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको पुन:स्थापनाको उद्देश्यले नगरपालिका अन्तर्गत श्रम डेस्कको सशक्तिकरण र श्रम समन्वय संयन्त्रलाई प्रभावकारी बनाउने कार्यलाई प्राथमिकतामा राखिएको छ । यसको लागि परम्परागत सीप/कलाको संरक्षणका लागि सीप अभिवृद्धि कार्यक्रम तथा श्रम रोजगार बैंकको स्थापना, श्रम अनुगमन अत्याबश्यक उद्धार संरक्षण तथा तथ्याङ्क सङ्कलन, श्रम डेस्क संचालन, श्रमिक पञ्जिकरण तथा अभिमुखीकरण कार्यक्रम गर्न रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

***समग्रमा आर्थिक विकास क्षेत्रमा रु. ९ करोड ९२ लाख विनियोजन गरेको छु । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ५ करोड ५२ लाख रुपैयाँ बढि बजेट विनियोजन गरेको छु ।***

## ३९. भौतिक पूर्वाधार तर्फ

**क.सडक तथा ढल व्यवस्थापन, भवन, पार्क, खानेपानी तथा अन्य सार्वजनिक निर्माण**

- नगरका क्रमागत तथा विविध आयोजनाको व्यवस्थापन तथा कार्यान्वयनका लागि प्रथम प्राथमिकतामा राखी कार्यान्वयन गर्न रु. ४६ करोड ५० लाख विनियोजन गरेको छ । साथै, नगरको बहुवर्षीय आयोजनाहरुलाई निरन्तरता दिनको लागि रु. ५१ करोड १८ लाख विनियोजन गरेको छ ।
- **"उज्यालो नगर कार्यक्रम"**अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा बाँकी रहेको सडक खण्डमा सडक बत्ति जडान गर्न रु १ करोड तथा प्राधिकरणसँग सहकार्यमा पोल स्थान्तरणका लागि रु. ५० लाख र सडक बत्ति महशुल भुक्तानीको लागि रु. १ करोड विनियोजन गरेको छु । समग्रमा **"उज्यालो नगर कार्यक्रम"** अन्तर्गत २ करोड ५० लाख विनियोजन गरेको छु ।
- **'मेयर सुरक्षित नगर (सि.सि.टि.भी.) कार्यक्रम** अन्तर्गत बाँकी रहेको सडक खण्डमा सिसिटिभि जडान गर्न ४ करोड विनियोजन गरेको छु ।
- नगरका गौरव तथा ठुला आयोजनाहरुको डि.पि.आर. निर्माण गर्न रु. ६० लाख विनियोजन गरेको छु ।
- नगरपालिका भित्रका सडक, ढल लगायतका पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार तथा स्तरोन्नतिको लागी मर्मत सम्भारकोषको कार्यान्वयन गर्न रु. २ करोड विनियोजन गरेको छु ।
- नगरको आवश्यकता र नागरिकको मागलाई सम्बोधन गर्न नगर स्तरीय आयोजना कार्यान्वयन गर्न रु १३ करोड विनियोजन गरेको छु ।
- **"नगरबासीको इच्छा स्वच्छ पिउनेपानीको सुनिश्चितता"** भन्ने अभियान सहित स्वच्छ र स्वस्थ्य खानेपानी प्रत्येक घरमा पुर्याउने प्रवन्धका लागी रु. ५ करोड विनियोजन गरेको छु ।
- बसपार्क निर्माणका लागि रु. २ करोड, वडा नं. ४ स्थित बुढानीलकण्ठ खेलमैदान निर्माण गर्न रु. ५ करोड, नगर प्रमुख पूर्वाधार विकास कार्यक्रमको लागि रु. ५ करोड, विभिन्न मन्दिर,

धर्मशाला/सामुदायिक भवन मर्मत गर्न रु. ५० लाख, सार्वजिक जग्गा संरक्षणको लागि रु. २ करोड, फोहोरमैला व्यवस्थापन संरचना पूर्वाधार निर्माण तथा मेसिन खरिद गर्न ३ करोड, पर्यटकिय पद तथा साइकल मार्ग निर्माण गर्न रु. २० लाख, क्षेत्र विकास समिति/बूढानीलकण्ठ मन्दिर परिसर व्यवस्थापन गर्न रु. १ करोड, नेपाल अन्तराष्ट्रिय कृष्णभागवानमृथत संघको पूर्वाधार निर्माण गरि पर्यटन प्रर्वद्धनका लागि १ करोड २० लाख, सवारी साधन खरिदमा ६० लाख, मेशिनरी तथा औजारको लागि २ करोड, फर्निचर तथा फिक्चर्स लागि १ करोड ६५ लाख, समपुरक योजनाको लागि ३ करोड, आन्तरिक सहलगानीको लागि ३ करोड, नगर उपप्रमुख पुँजिगत विकास कार्यक्रमको लागि रु. ३ करोड, मुख्य प्रशासनिक भवन तथा परिसर व्यवस्थापनको लागि १ करोड ९८ लाख २८ हजार विनियोजन गरेको छु ।

**ख. आयोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

आयोजना छनोट, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यलाई व्यवहारिक बनाउन वडा तथा नगस्तरीय योजना छनौटदेखि फरफारकसम्म प्रभावकारीता अभिवृद्धिका लागी आवधिक योजना र मध्यकालीन खर्च संरचना तर्जुमा, सामाजिक परीक्षण, नगरका गौरवका आयोजनाको तेश्रो पक्ष मूल्याङ्कन, आयोजना बैंक कार्यान्वयन/अभिमुखीकरण, योजना अनुगमनका लागि सामाग्री खरिद, वडा स्तरीय योजना सम्झौताका लागि घुम्ती सेवा सञ्चालन गरिनेछ । योजनाको गुणस्तरिय कार्यान्वयन अनुगमन मूल्याङ्कन तथा फरफारक सम्बन्धी अभिमुखीकरण (जनप्रतिनिधी तथा कर्मचारीहरुलाई), उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण लगायतका कार्यक्रम संचालन गर्न रु. ९० लाख विनियोजन गरेको छु ।

नगरवासीको माग र आवश्यकतालाई सम्बोधन गर्न अत्यावश्यक योजना तथा कार्यक्रम संचालन खर्चमा रु. ५ करोड विनियोजन गरेको छु ।

**ग. नगर गौरव आयोजनाहरुको कार्यान्वयन**

- नगरको गौरव आयोजनाहरूले बुढानीलकण्ठ नगरपालिकाको दीर्घकालीन विकासलाई मूर्तरूप दिन योगदान पुऱ्याउने विश्वास लिएको छु । नगरपालिकाले पूर्वाधार विकास, खानेपानी व्यवस्थापन, वातावरण संरक्षण, तथा स्थानीय रोजगारी सृजना एंव युवा जनशक्तिको परिचालनमा केन्द्रित

परियोजनाहरूलाई गौरव आयोजनाको रुपमा समावेश गरेको छु । आगमी आर्थिक वर्षमा ***कपन ह्याण्डवल निर्माण, खानेपानी व्यवस्थापन, बुढानीलकण्ठ फुटवल खेल मैदान निर्माण, बस पार्क , बौद्धिक सम्मेलन/नलेज बैंक निर्माण, साँस्कृतिक प्रतिष्ठान निर्माण, औधोगिक ग्राम निर्माण र Incubation Centre, नगर सरसफाइ तथा सुन्दरता कार्यकम, Gen Z युवाहरुको सीप विकास कार्यक्रम*** जस्ता परियोजनाहरूलाई नगरको गौरव आयोजना अन्तर्गत समावेश गरेको छु । यी आयोजनाहरूले समग्र बुढानीलकण्ठलाई आधुनिक तथा समुन्नत नगरको रूपमा विकास गर्न दिशानिर्देश गर्नेछ भन्ने विश्वास लिएको छु । यस्ता गौरवमय परियोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि रु. २५ करोड ३० लाख बजेट विनियोजन गरेको छु ।

***समग्रमा, नगरको पूर्वाधार विकासको क्षेत्रमा रु. १ अर्व ४० करोड ९३ लाख विनियोजन गरेको छु ।***

## ४०. विपद् व्यवस्थापनतर्फ

बुढानीलकण्ठ नगरपालिका भौगोलिक दृष्टिले पहाडी एंव समथर भूबनोटमा अवस्थित नगर हो, जहाँ बाढी, पहिरो, आगलागी, चट्याङ र अन्य प्राकृतिक तथा मानवजनित विपद्को सम्भावना रहेको क्षेत्र हो । यस्ता विपद्ले नगरवासीको जीवन, सम्पत्ति, सेवा प्रवाह तथा पूर्वाधारमा प्रतिकूल असर पुऱ्याउने गरेको विगतको तितो अनुभवका आधारमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई आगामी आर्थिक वर्षको प्राथमिकतामा राखेको छु । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, र राष्ट्रिय नीति तथा कार्ययोजनाहरूसँग समन्वय गर्दै विपद् पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना र पुनर्निर्माणलाई प्रभावकारी बनाउन र संविधानले विपद् व्यवस्थापन सम्बन्धी दायित्वलाई स्थानीय तहको अधिकारमा समावेश गरेकोले यसलाई उच्च प्राथमिकता दिई **विपद व्यवस्थापन तथा महामारी नियन्त्रण कोष**को लागि रु. ५० लाख विनियोजन गरेको छु । साथै, विद्यालयहरुमा विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम, विपद् पश्चात आवश्यक खाद्यन्न तथा औषधी व्यवस्थापन तथा वितरण, डढेलो नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम, नगर प्रहरीका लागि अग्नी नियन्त्रण सम्बन्धी एडभान्स तालिम, विपद् पूर्व तयारीका लागि सामाग्री खरिद तथा भण्डारण, आकस्मिक समयमा गरिने कृत्रिम घटना अभ्यास (कर्मचारीहरुलाई), वडास्तरीय विपद्

व्यवस्थापन समितिका लागि विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि अभिमुखीकरण लगायतका कार्यक्रम संचालन गर्न रु. ५० लाख विनियोजन गरेको छु। समग्रमा आगमी आर्थिक वर्षको लागि विपद् व्यवस्थापनको लागि रु. १ करोड विनियोजन गरेको छु। यद्यपी विपद्को पूर्वतयारी तथा प्रतिकार्यको लागि आवश्यकता र प्राथमिकताको आधारमा विपद् व्यवस्थापन कोषलाई परिचालन गर्ने व्यवस्था मिलाको छु।

## ४१. सुशासन तथा संस्थागत विकासतर्फ

### क. प्रशासनिक कार्यसंचालन

बुढानीलकण्ठ नगरपालिकाको समग्र प्रशासनिक कार्यसञ्चालनलाई थप प्रभावकारी, पारदर्शी र जनमुखी बनाउने उद्देश्यले आगामी आर्थिक वर्षमा आधुनिक सूचना प्रविधिको प्रयोग, दक्ष जनशक्ति व्यवस्थापन, सेवा प्रवाहमा सरलता र कार्यपद्धतिको संस्थागत सुधारमा विशेष जोड दिइनेछ । सुव्यवस्थित कार्यालय सञ्चालन, कर्मचारी क्षमता विकास, नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन, अनलाइन सेवा प्रवाह तथा फाईल ट्र्याकिङ प्रणालीको स्थायी प्रयोगमार्फत सेवाग्राहीलाई छिटो, सुलभ र जवाफदेही सेवा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ। यस्तै, नगरपालिकाको आन्तरिक कार्यसम्पादनमा समन्वय, अनुगमन र मूल्यांकन प्रणालीलाई अझ सशक्त बनाउँदै प्रशासनिक प्रक्रियामा पारदर्शिता कायम राख्ने तथा नागरिक सन्तुष्टि बढाउने कार्यलाई प्राथमिकतामा राखिनेछ । नगरको संस्थागत सुशासन तथा सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गरी प्रशासनिक कार्य संचालनको लागि नगरस्तरीय चालु खर्च अन्तर्गत कर्मचारीको पारिश्रमिकको लागि रु. ८ करोड, करार सेवा शुल्कको लागि ५ करोड ५० लाख, पदाधिकारीको अन्य सुविधाको लागि रु. १ करोड ५० लाख, पदाधिकारीको बैठक भत्ताको लागि रु ५० लाख, पदाधिकारी अन्य भत्ता (न्यायिक तथा विधायन समिति) को लागि ५ लाख, पोशाक खर्च रु. २५ लाख, औषधीउपचार खर्च रु ३ लाख, महंगी भत्ता रु. १ करोड, बैठक भत्ता ३० लाख, कर्मचारी प्रोत्साहन तथा पुरस्कार रु. १ करोड, अन्य भत्ता रु. १ करोड, कर्मचारीको योगदानमा आधारित निवृतिभरण तथा उपदान कोष खर्चको लागि रु. ५ लाख, कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च रु. ५ लाख, पानी तथा बिजुलीको लागि रु. ६०

लाख, संचार महसुलको लागि रु. ६० लाख, इन्धन (पदाधिकारी/ कार्यालय प्रयोजन/अन्य प्रयोजन) को लागि रु. १ करोड ४० लाख, सवारी साधन मर्मत खर्चको लागि रु. ५० लाख, बीमा तथा नवीकरण खर्चको लागि रु. ४० लाख, मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन, मसलन्द तथा कार्यालय सामाग्रीको व्यवस्थापन, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन, अन्य कार्यालय संचालन, सेवा र परामर्श, सरसफाई सेवा, सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी तथा कार्यक्रम खर्च, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन तथा भ्रमण, सभा तथा कार्यपालिका सञ्चालन, अन्य सहायताको लागि ८० लाख, सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदानको लागि रु. १० लाख, घरभाडाको लागि रु. ४० लाख, सवारी साधन तथा मेशिनर औजार भाडाको लागि १५ लाख, कर्मचारी कल्याण कोषको लागि १ करोड, सामाजिक सुरक्षा कोषको लागि रु. १ करोड, कर्मचारी गोल्डेन ह्याण्डसेकको लागि रु. २५ लाख लगायतका प्रशासनिक व्यवस्थापन तर्फ गरी समग्रमा नगरको प्रशासनिक कार्यसंचालनका लागि रु. ४० करोड ९० लाख विनियोजन गरेको छु ।

**ख. जनशक्ति व्यवस्थापन**

बुढानीलकण्ठ नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र जनउत्तरदायी बनाउन आवश्यक दक्ष, सक्षम र परिणाममुखी जनशक्ति व्यवस्थापनमा विशेष ध्यान दिइनेछ । वर्तमान जनशक्ति संरचना, कार्यसम्पादन क्षमता र स्रोत साधनको उपलब्धता बीचको सन्तुलनलाई सुनिश्चित गर्न दीर्घकालीन जनशक्ति योजना निर्माण तथा कार्यान्वयन गरिनेछ । नियुक्ति, पदस्थापन, तालिम तथा कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई पारदर्शी र मापदण्डमा आधारित बनाइ कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली, तालिम र क्षमता अभिवृद्धि कार्यक्रममार्फत कर्मचारीहरूको दक्षता अभिवृद्धि गरिनेछ । संघीय निजामती सेवा ऐन तथा स्थानीय सेवा ऐन, नियमावली तथा कर्मचारी सेवा सर्तलाई मध्यनजर गरी कार्यस्थलमा उत्तरदायित्व, पारदर्शिता र पेशागत आचरणलाई बढावा दिने नीतिहरू कार्यान्वयन गरिनेछ । भूमिहिन, दलित, अव्यवस्थित वसोवासका लागि व्यवस्थित बसोवास कार्यक्रम संचालन तथा व्यवस्थापन , कर्मचारीको क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम, सेवाकालिन तालिम तथा लोकसेवा तयारी कक्षा संचालन,

विषयगत समितिका संयोजक पदाधिकारीहरुलाई तालिम गोष्ठि एवं अर्न्तक्रिया कार्यक्रम, कर्मचारी र जनप्रतिनिधिहरुको पुर्नताजगी कार्यक्रम, समितिका संयोजक कर्मचारी जनप्रतिनिधिहरु बिच अन्तरपालिका अन्तक्रिया गोष्ठि, छलफल, समन्वय, सार्वजनिक सुनुवाई कार्यक्रम, प्रशासनिक अनुगमन, निरिक्षण, खोज तथा अनुसन्धानमूलक कार्य, उपभोक्ता हित तथा बजार अनुगमन, प्रशासनिक अध्ययन, अनुसन्धान, तालिम, नीति निर्माण लगायतका कार्य , अनलाईन आवेदन प्रणाली विकास, विस्तार तथा प्रशिक्षण कार्यक्रम, नगर प्रहरीहरुलाई आबश्यक बन्दोबस्तीका सामान खरिद, अन्य पालिकाहरु बिच भगिनी सम्बन्ध विस्तार लगायतका कार्यक्रम संचालन गर्न रु. २ करोड ४० लाख विनियोजन गरेको छु ।

**ख.सूचना प्रविधि तथा संञ्चार**

बुढानीलकण्ठ नगरपालिकाले डिजिटल गभर्नेन्सलाई सुदृढ गर्दै पारदर्शी, प्रभावकारी र जनउत्तरदायी सेवा प्रवाहलाई सुनिश्चित गर्न सूचना प्रविधि तथा सञ्चार क्षेत्रलाई विशेष प्राथमिकता दिएको छु । नगरपालिकाको प्रशासनिक दक्षता वृद्धिका लागि डिजिटल प्रविधिको अधिकतम प्रयोग, डेटा व्यवस्थापनमा आधुनिकीकरण, तथा नागरिक अनुकूल सेवा प्रवाहका लागि नवीनतम प्रविधिहरूको कार्यान्वयनलाई आगामी वर्षको बजेटमा विशेष ध्यान दिएको छु । यसका लागि सूचना प्रविधि सुरक्षा प्रणालीको व्यवस्थापन तथा सुरक्षा अडिट, ब्याकअप सहितको इन्टरनेट सेवा खरिद र ब्याण्डविथ थप तथा व्यवस्थापन, कार्यालयमा सिसिटिभि क्यामेरा जडान, स्तरीकरण तथा व्यवस्थापन, नगरपालिकाका ई सर्भिसको बारे कर्मचारी तालिम र प्रचार प्रसार, अनलाईन सिफारिस (फेसलेस सेवा) सम्बन्धी संचालन, विद्युतिय हस्ताक्षरको स्थापना प्रयोग र संचालन, सूचना प्रविधि सम्बन्धी विभिन्न उपकरण तथा प्रणाली खरिद, संचालन तथा नविकरण, अभिलेखहरुको डिजिटाईजेशन, सूचना प्रविधि सेवाहरूको संचालन सपोर्टको लागि परामर्श सेवा, विद्युत ब्याकअप तथा लोकल सर्भर संचालन र व्यवस्थापन, सबै सामुदायिक विद्यालयहरूमा ई हाजिरी व्यवस्थापन, नगरपालिका मोबाईल एप संचालन, मर्मत सम्भार तथा सेवा थप, बुढानीलकण्ठ न्यूज डेस्क संचालन खर्च पारिश्रमिक समेत, बुढानीलकण्ठ न्यूज स्टुडियो व्यवस्थापन, सञ्चार नीति तथा सञ्चार व्यवस्थापन, Social Media, Website and New portal

को स्तरवृद्धी गर्दै प्रभावकारी बनाउने लगायतका कार्यक्रम संचालको लागि आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सूचना प्रविधि तथा सञ्चारको क्षेत्रलाई प्राथमिकताका साथ रु. २ करोड २४ लाख बजेट विनियोजन गरिएको छ।

***अत: समग्रमा, सुशासन तथा संस्थागत विकासतर्फ प्रशासनिक कार्यसंचालनको लागि ४० करोड ९० लाख, जनशक्ति व्यवस्थापनका लागि २ करोड ४० लाख र सूचना प्रविधि तथा संञ्चार अर्न्तगत रु २ करोड ४९ लाख गरी जम्मा रु.४५ करोड ७९ लाख विनियोजन गरेको छु।***

**३९. न्यायिक समिति**

न्यायिक कार्यसम्पादनलाई विश्वसनीय, प्रभावकारी र जवाफदेही बनाई छिटोछरितो एंव प्रविधिमैत्री बनाउनको लागि नागरिकसँग न्यायिक समिति, वडा मेलमिलाप केन्द्रको व्यवस्थापन, नगर मेलमिलाप केन्द्र व्यवस्थापन, सूचना प्रविधिमैत्री न्यायिक समिति व्यवस्थापन, न्यायिक समिति तथा मेलमिलापसम्बन्धी कानूनी सचेतना लगायतका कार्यक्रम संचालन गर्न रु ५० लाख विनियोजन गरेको छु।

**४२. राजस्व व्यवस्थापन**

नगरपालिकाको समग्र सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी तथा दिगो बनाउने लक्ष्यका साथ आगामी आर्थिक वर्षमा राजस्व व्यवस्थापन प्रणालीमा आवश्यक सुधार र सुदृढीकरण गरिनेछ । नगरपालिकाको आन्तरिक स्रोतको परिचालनलाई चुस्त दुरुस्त बनाई विद्यमान राजस्व सङ्कलन प्रणालीलाई आधुनिकीकरण गर्ने, डिजिटल प्रणालीमार्फत राजस्व सङ्कलन र अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ। करदातालाई कर तिर्न सहज बनाउने उपायस्वरूप अनलाइन भुक्तानी प्रणालीको व्यवस्थापन र कर सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन् । जसको लागि करदाता शिक्षा, सचेतना तथा राजस्व सम्बन्धी प्रचार प्रसार एवं जागरण अभियान कार्यक्रम, राजस्व सङ्कलन सम्बन्धी घरदैलो तथा घुम्ती शिविर कार्यक्रम, करदाता सम्मान कार्यक्रम, राजस्वका नयाँ क्षेत्र तथा स्रोत खोजी/पहिचानको लागि अध्ययन, अनुसन्धान, छलफल तथा अन्तर्क्रिया कार्यक्रम, जनप्रतिनिधि र कर्मचारीहरूको लागि राजस्व सम्बन्धी क्षमता विकास कार्यक्रम, करको दायरामा नआएका

करदाताहरूलाई दायरामा ल्याउनका लागि छलफल, बैठक, अन्तर्क्रिया लगायतका आवश्यक विविध कार्यक्रम संचालन गर्न रु. ४५ लाख विनियोजन गरेको छु ।

**४३. वडा कार्यालय**

आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा गर्दा हामीले समावेशी तथा उत्तरदायी शासन प्रणालीको सुदृढीकरणका लागि वडा कार्यालयलाई प्राथमिकतामा राखेका छौँ । यसै सन्दर्भमा, नगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरूलाई सशक्त, दक्ष, सेवा-मुखी तथा नागरिकमैत्री बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रमहरू तर्जुमा गरिएको छ ।

वडा कार्यालयहरूनै स्थानीय सरकारको पहिलो तहका रूपमा नागरिकहरूसँग प्रत्यक्ष सेवा सम्पर्कमा रहने निकाय हुन् । तसर्थ, ती वडा कार्यालयहरूलाई प्रशासनिक सुदृढीकरण, भौतिक पूर्वाधार विस्तार, सूचना प्रविधिको प्रयोग, सेवा प्रवाहमा पारदर्शिता, तथा कर्मचारी क्षमता अभिवृद्धि जस्ता आयाममा व्यापक सुधार ल्याउनुपर्ने आवश्यकता महसुस गरेको छु । आगमी आर्थिक वर्षको बजेटमा प्रत्येक वडा कार्यालयका लागि न्यूनतम पूर्वाधार विकास, नयाँ वडा भवनको निर्माण एंव स्तरोन्नती, सेवा केन्द्रको आधुनिकीकरण, अनलाइन सेवा प्रवाह प्रणालीको स्थापनाजस्ता कार्यहरू अघि बढाइनेछ । साथै, वडास्तरीय योजनाहरूको छनोट, कार्यान्वयन र अनुगमनमा नागरिक सहभागिता सुनिश्चित गर्दै सुशासन प्रवर्द्धन गरी समग्र वडाको सामाजिक, आर्थिक, पूर्वाधार विकासको लागि मिति २०८१ चैत्र १५ गते नगर प्रमुखको अध्यक्षता बसेको श्रोत अनुमान समितिको बैठकले गरेको निर्णय एंव आयोजना तथा कार्यक्रम छनोट मार्ग दर्शन बमोजिम वडाको पूर्वाधार विकासमा १९ करोड ५० लाख, खानेपानी तथा सरसफाईको लागि ७ करोड ८० लाख, सामाजिक विकासमा ५ करोड ८५ लाख, आर्थिक विकास तर्फ ३ करोड ९० लाख र कार्यालय संचालन तथा व्यवस्थापनका लागि १ करोड ९५ लाख विनियोजन गर्ने गरी प्रति वडा रु. ३ करोडका दरले रु. ३९ करोड विनियोजन गरेको छु । साथै, निर्माणाधिन वडा कार्यालयहरुको लागि बहुवर्षीय आयोजना अन्तर्गत आवश्यक बजेट सुनिश्चिता गरेको छु ।

## आदरणीय नगरसभा सभाध्यक्षज्यू एवम् सदस्यज्यूहरू

- आगामी आर्थिक वर्ष २०८२/ ०८३ को लागि संघिय सरकारबाट समानीकरण अनुदान तर्फ रु. २५ करोड ९० लाख, सशर्त अनुदान तर्फ रु. ४२ करोड ९४ लाख (चालु र पूजिगत समेत) विषेश अनुदानमा रु. ७५ लाख र समपुरक अनुदानमा रु. २० लाख गरि कुल जम्मा रु. ६९ करोड ७९ लाख बजेट विनियोजन भएको जानकारी गराउन चाहान्छु ।
- त्यसैगरी बागमती प्रदेश सरकाबाट आगामी आर्थिक वर्षको २०८२/ ०८३ को लागि समानीकरण अनुदान तर्फ रु. २ करोड ७२ लाख ६८ हजार, सशर्त अनुदान तर्फ रु. २ करोड २७ लाख ७३ हजार (चालु र पूजिगत समेत) विषेश अनुदानमा रु. ६५ लाख र समपुरक अनुदानमा रु. ५१ लाख गरि कुल जम्मा रु. ६ करोड १६ लाख ४१ हजार बजेट विनियोजन भएको जानकारी गराउन चाहान्छु ।
- आगामी आर्थिक वर्षको २०८२/ ०८३ को ***अनुमानित आय र व्यय*** **अनुसूची १** बमोजिम स्वीकृतिको लागि यस सम्मानित सभामा पेश गरेको छु ।
- बुढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ***विनियोजन ऐन २०८२*** **अनुसूची २** बमोजिम स्वीकृतिको लागि यस सम्मानित सभामा पेश गरेको छु ।
- बुढानीलकण्ठ नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट, कार्यक्रम तथा नीति दस्तावेजले नगरवासीहरूका आकांक्षा, आवश्यकता तथा समृद्धिको दिशामा स्पष्ट मार्गचित्र प्रस्तुत गर्ने विश्वास लिएको छु । हामीले समावेशी विकास, सुशासन, सेवा प्रवाहको प्रभावकारिता, वातावरणीय सन्तुलन, र सामाजिक न्यायलाई मुख्य आधार बनाउँदै आगामी आर्थिक वर्षको लागि बजेट तयार गरेका छौं ।
- आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा लगानी अभिबृद्धि भई आर्थिक तथा सामाजिक क्रियाकलाप गतिशिल हुने, गुणस्तरिय शिक्षा तथा आधारभुत स्वास्थ्य सेवामा पहुँच वृद्धि हुने, भौतिक पूर्वाधार, कृषि, पशुपंक्षी, पर्यटन, उद्योग, सूचना प्रविधि, सहकारी क्षेत्रमा थप रोजगारीका अवसर सृजना हुने अपेक्षा लिएको छु ।
- बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नुहुने नगर प्रमुख, विषयगत समितिका संयोजक, जनप्रतिनिधिप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । बजेट तर्जुमा प्रक्रियामा आ–आफनो तर्फबाट रचानात्मक सुझाव दिनुहुने राजनीतिक दल, संघ तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु,

निजी तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामाजिक संघसंस्था, सञ्चार जगत र आम बुढानीलकण्ठवासीहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

- आर्थिक तथा सामाजिक विकास मार्फत नगरको सम्वृद्धि हासिल गर्ने तथा सुशासन र सामाजिक न्याय प्रत्याभूत गर्दै आहा बुढानीलकण्ठ "स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ" निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट श्रृजनात्मक र रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।
- अन्तमा हामी सबैको साझा प्रयास, समर्पण र प्रतिबद्धताबाट मात्र समृद्ध, शान्तिपूर्ण र सुशासनमा आधारित बुढानीलकण्ठ निर्माण सम्भव हुने भएकोले प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन एवम् अनुगमन तथा मूल्यांकनबाट मात्र "स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ" निर्माण गर्ने नगरको दिर्घकालिन सोचलाई साकार पार्न सकिन्छ । बजेट कार्यान्वयनको अभियानमा सक्रिय सहभागिता एवम् सार्थक सहयोगका लागि सम्वद्ध सबै सरोकार पक्षलाई आह्वान गर्दछु ।

**धन्यवाद्**

**अनिता लामा**

**नगर उपप्रमुख एवम्**

**संयोजक, बजेट तथा कार्यक्रम तर्जुमा समिति**